# कर्जन्हा नगरपालिका


स्थानीय राजपत्र

खण्डः ४ संख्याः २ प्रकाशन मितिः२०८२-०३-२६ गते


## भाग- १

### कर्जन्हा नगरपालिका अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८२

**प्रस्तवनाः** कर्जन्हा नगरपालिका आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा(२)बमोजिम कर्जन्हा नगरपालिकाको नगरसभाले यो ऐन बनाई लागू गरेको छ ।

(१) **संक्षिप्त नाम र प्रारम्भः** (क) यस ऐनको नाम " कर्जन्हा नगरपालिकाको आर्थिक ऐन २०८२" रहेको छ ।

(ख) यो ऐन २०८२ साल श्रावण १ गते देखि कर्जन्हा नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

(२) **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "कार्यपालिका" भन्नाले संविधानको धारा २१६ बमोजिम गठित कर्जन्हा नगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ख) "नरपालिका" भन्नाले कर्जन्हा नगरपालिकालाई सम्झनु पर्छ ।

(ग) "सभा" भन्नाले कर्जन्हा नगरपालिकाको नगरसभा सम्झनु पर्छ ।

(३) **सम्पति करः** नगरपालिका क्षेत्रभित्र **अनुसूचि-१** बमोजिम सम्पत्ति कर लगाई असुल उपर गरिनेछ ।

(४) **भूमिकरः** नगरपालका क्षेत्र भित्र **अनुसूची-२** बमोजिम भूमिकर लगाइने र असुल उपर गरिनेछ । तर दफा ३ बमोजिम सम्पति कर लगाइएको जग्गामा भूमि कर लाग्ने छैन ।

(५) **घरजग्गा बहाल करः** (१) नगरपालिका क्षेत्र भित्र कुनै प्राकृतिक व्यक्तिले घर,पसल,ग्यारेज,गोदाम,टहरा,सेड(छपर),कारखाना,जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा वार्षिक बहाल रकममा बहाल कर लगाइनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने घरजग्गा वहाल करको दर **अनुसूची-३** मा उल्लेख भए बमोजिम हुन्छ ।

(३) उपदफा (१) बमोजिम लगाइने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिका नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

(६) **व्यवसाय करः** (१) नगरपालिका क्षेत्रभित्र व्यापार,व्यवसाय,वा सेवा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवासाय कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यापार,व्यवसाय,तथा सेवा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी सञ्चालन ईजाजत पत्र प्रदान गरिनेछ । ईजाजत प्राप्त व्यवसायीहरुले वार्षिकरुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नवीकरण गर्नु पर्नेछ ।

(३)उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय ईजाजत दस्तुर तथा व्यवसायकरको दर **अनुसूची-४** मा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिमको ईजाजत बिना कुनै पनि व्यपार,व्यवसाय तथा सेवा सञ्चालन गर्न पाईने छैन ।

(५) यस दफा बमोजिमको कर उठाउनको लागि आवश्यक पर्ने नियम तथा कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागू गर्न सक्नेछ ।

(७) **जडिबुटी, कवाडी र जिवजन्तु करः**(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन,खोटो,जडिबुटी,बनकस,कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जिवजन्तु बाहेकका अन्या मृत वा मारिएका जिवजन्तुको हाड,सिङ,प्वाख,छाला जस्ता वस्तुको व्यवसायीक कारोवार गरे वापत **अनुसूची-५** बमोजिम जडिबुटी,कवाडी तथा जिवजन्तु कर लागइने र असुल उपर गरिनेछ ।

स्पष्टिकरणः यस दफाको प्रयोजनकोलागि कारोबार भन्नाले विक्रेताले जारी गरेको बिल वा बिजक वा लेनदेन भएको जानिने प्रमाणलाई सम्झनु पर्दछ ।

(२) उपदफाः(१) बमोजिमका बस्तुको व्यवसायिक कारोबार गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले व्यवसाय ईजाजत दिदाँ कर बुझाउने शर्त र विधि समेत तोकी ईजाजत दिनेछ ।

(८) **सवारी साधन करः (१)** नगरपालिकामा दर्ता भई सञ्चलानमा रहेका टाँगा,रिक्सा,अटो रिक्सा,विद्युतीय रिक्सा जस्ता सवारी साधनमा सवारी साधन कर लगाइने र उठाइनेछ ।

(२) उपदफा(१) बमोजिम नगरपालिकाले लगाउने भनि तोकिएका सवारी साधनहरुको दर्ता,नवीकरण,रुट पर्मिट,जाँचपास र सवारी साधन करको दर **अनुसूची-६** बमोजिम हुनेछ ।

(३) प्रदेशले लगाएको सवारी साधन कर रकमबाट नगरपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

(९) **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन प्रचार प्रसार आदिकालागि राख्न दिने साईन बोर्ड,ग्लोबोर्ड,डिजिटल डिस्प्ले,लिड डिस्प्ले,स्टल आदिमा **अनुसूची-७** बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

(१०) **मनोरञ्जन करः** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालित सिनेमाहल, सांस्कृतिक प्रदर्शन हल, थिएटर, सङ्गीगृह, प्रदर्शन स्थल, जादु, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोनजिम मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ ।

तर प्रदेश कानून बनिनसकेको अवस्थामा यस दफा बमोजिम नगरपालिकाले **अनुसूची-८** बमोजिमको दरमा मनोरञ्जन कर लगाइने र उठाइनेछ ।

२) उपदफा(१) बमोजिम नगरपालिकाले उठाएको मनोरञ्जन कर वापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेश सँग बाँडफाँट गरिनेछ ।

(११) **बहाल बिटौरी शुल्कः** (१) नगरपालिकाले आफुले निर्माण,रेखदेख,वा सञ्चालन गरेका देहाय बमोजिमका सम्पतिहरुमा **अनुसूची-९** बमोजिमको दरमा बहाल बिटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन,जग्गा वा अन्य सम्पति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल ऐलानी जग्गा वा बाटोको छेउँको जग्गामा भएको अस्थायी टहरा,छाप्रा वा पसल वा आवास,

(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल,हाँटबजार,मेला,जात्रा आदिमा थापेको पसल,

२) उपदफा(१) को खण्ड (क) र(ख) बमोजिमको सम्पतिमा बहाल बिटौरी शुल्क उठाउनकोलागि कार्यपालिकाले न्युनतम् दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढाबढ को माध्यमबाट बाहलमा दिन सक्नेछ ।

(३) उपदफा(१) को खण्ड (ग) बमोजिमको सम्पतिमा बहाल बिटौरी शुल्क उठाउनकालागि कार्यपालिकाले त्यस्तो स्थानमा खरिद विक्रि हुने बस्तु तथा सेवा एवम् कारोबारको आधारमा तोकेको न्युनतम् बहाल बिटौरी शुल्कको दरमा बोलपत्र,दरभाउ पत्र वा डाँक बढाबढ को माध्यमबाट बहाल बिटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल बिटौरीमा दिँदा शर्त सहित सम्झौता गरिदिनु पर्नेछ ।

(१२) **सेवा शुल्क,दस्तुरः** (१) नगरपालिकाले निर्माण वा सञ्चालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायका कुनै सेवा उपलब्ध गराए वापत **अनुसूची-१०** बमोजिम सेवा शुल्क,दस्तु लगाइने र असुल उपर गरिनेछः

(क) खानेपानी,बिजुली,अतिथी गृह,धर्मशाला,पुस्ताकालय,सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहर मैला व्यवस्थापन,सरसफाई,ढल निकास,सडक बत्ती जस्ता सेवा सुविधा,

(ग)शौचालय,पार्क,स्नानगृह,पौडी,पोखरी,व्यायामशाला,गेस्टहाउस,पर्यटकीय स्थल,छात्रावास,हाँटबजार,पशु बधशाला,शवदाह गृह,धोविघाट र अन्य त्यस्तै सुविधा

(घ) सडक,बसपार्क,ढल,पुल जस्ता सेवा,

(ङ) अचल सम्पति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धि सेवा,

(च) नगरपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धि कुनै सेवा,

(छ) ऐतिहासिक स्थल,पुरातात्विक स्थल एवम् धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क । तर ऐतिहासिक स्थल,पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई खण्ड (छ) बमोजिमको शुल्क लिइने छैन ।

(२) नगरपालिकाले सहकारी संस्था,एफ.एम.रेडियो "घ" बर्गको निर्माण व्यवसाय ईजाजत, विद्यालय स्थापना,ट्युसन तथा कोचिङ्ग सेन्टर,औषधि पसल,स्थानीय व्यपारिक फर्मको दर्ता,अनुमति,नवीकरण तथा नियमण आदिमा सेवा शुल्क दस्तुर लगाइने र उठाइनेछ ।

(१३) **बिक्रि तथा निकासी शुल्कः** (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुँगा,गिट्टी,बालुवा,माटो,काठ दाउरा, जारजुरी, स्लेट आदि प्राकृतिक एवम् खानीजन्य बस्तुहरुको बिक्रि गर्न सक्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भई आफ्नो सिमाक्षेत्र भन्दा बाहिर निकासी हुने ढुँगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जारजुरी, स्लेट आदि प्राकृतिक एवम् खानीजन्य बस्तुको बाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने बिक्रि तथा निकासी शुल्कको दर क्रमश **अनुसूची-११** मा तोकिए बमोजिम हुनेछ ।

(४) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु,उपकरण तथा सरसमानहरु लिलाम बिक्रि गर्न सक्नेछ ।

(५) कार्यपालिकाले नागरिकको सुविधाकोलागि विभिन्न फारम तथा पुस्तकहरु वा अन्य सेवा बिक्रि गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु बिक्रि तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असुलीकालागि बिक्रि तथा निकासीको परिमाण तथा दर निर्धारण गरी बोलपत्र, दरभाउपत्र ,डाँक बढाबढ वा अन्य कुनै उपयोग माध्यमबाट गरिनेछ ।

**(१४) घर जग्गा रजिष्ट्रेशन शुल्कः** (१) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाइनेछ ।

(२) उपदफा(१) बमोजिम उठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँट गरिनेछ ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन ,स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाइनेछ ।

(१५) **कर छुट तथा दण्ड जरिवानाः** (१) नगरपालिकाले समयमै कर बुझाउन करदातालाई प्रोत्साहनका निम्ति, सामाजिक कल्याण हुने कार्यमा सेवा शुल्क, कर छुट दिनेछ र नगरपालिबाट निषेध गरिएका कार्य, नगरपालिकाले निर्धारण गरेको कर ,शुल्क तथा महसुल तोकिए अनुसार भुक्तानी नगरेमा दण्ड जरिवाना शुल्क असुल गरिनेछ, यसरी नगरपालिकाले यस दफा बमोजिम दिने कर छुट र लगाइने दण्ड जरिवाना **अनुसूची-१२** बमोजिम हुनेछ ।

(२) नगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसुरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानूनले तोकिए बमोजिम हुनेछ ।

(१६) **आन्तरिक आयको प्रक्षेपणः** आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि नगरपालिकाको कुल आन्तरिक आय **अनुसूची-१३** मा उल्लेख भए बमोजिम हुनेछ ।

(१७) **प्रशासकीय पुनरावलोकन र पुनरावेदनः**(१) नगरपालिकाले गरेको कर,शुल्क,महसुल,दण्ड,जरिवाना सम्बन्धि निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा पुनरवलोकनको लागि निवेदन दिन सक्नेछ।

(२) उपदफा(१) बमोजिम परेको निवेदन उपिर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजस्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहने छैन ।

(३) उपदफा(१) बमोजिम पुनरावलोकनको लागि प्राप्त भएको निवेदन उपर पैंतिस दिन भित्र छानविन तथा निर्णय गरी सम्बन्धित करदातालाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(१८) **ठेक्का आह्वान गर्न सक्नेः** (१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोबस्त गरी संकलन गर्न सक्नेछ ।

तर आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्था भएमा बढीमा तीन वर्षको लागि एकै ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा  बमोजिम ठेक्का लगाउँदा स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति,फर्म,संघसंस्था कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले सम्भव भए सम्म आर्थिक वर्ष शुरु हुनु भन्दा अगावै ठेक्का बन्दोबस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरी सक्नु पर्नेछ ।

(४) नगरपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी,कवाडी र जिवजन्तु कर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा कार्यपालिकाबाट निर्णय गरी ठेक्कामा संकलन गर्न सक्नेछ ।

(५)  यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र,दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत,धरौटी,किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यवस्था नभए सम्म स्थानीय निकाय(आर्थिक प्रशासन)नियमावली,२०६४(संशोधन समेत) लाई आधारमानी गरिनेछ ।

(१९) **सहयोग लिन सकिनेः** नेपाल सरकार तथा प्रदेश सरकारका कार्यालयहरु सँग नगरपालिकाको राजश्व असुली सम्बन्धि कार्यमा आवश्यक सहयोग लिन सकिनेछ ।

(२०) **नियम तथा कार्यविधि बनाउन सक्नेः**(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि कार्यपालिकाले आवश्यक नियम तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको नियम तथा कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

(२१) **बाधा अड्काउ फुकाउन सक्ने** यस ऐन बमोजिमको कर संकलन तथा असुल उपर गर्दा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले यस ऐन वा प्रचलित कानून बमोजिम त्यस्तो बाधा अड्काउ फुकाई यो ऐन को कार्यान्वयन गर्न सक्नेछ ।

(२२) **प्रचलित कानून बमोजिम हुनेः** यस ऐन बमोजिमका करका दरहरु यसै बमोजिम हुनेछन तर नगरपालिकाले लिन पाँउने अन्य कर र करका दर यस ऐनमा उल्लेख नभएको हकमा नगरसभाबाट पारित अन्य ऐन तथा कार्यपालिकाले स्वीकृत गरेका नियममा उल्लेख भए बमोजिम हुनेछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ५५ देखि दफा ६३ सम्म भएको व्यवस्था भए बमोजिम तपसिलमा उल्लेख भएका सम्पति कर भूमिकर(मालपोत) घरजग्गा बहाल कर,व्यवसाय कर,बहाल बिटौरी शुल्क,पार्किङ्ग शुल्क,जडिबुटी,कवाडी र जिवजन्तु कर तथा सेवा शुल्क आ.व.२०८२/०८३ को लागि निर्धारण गरिएको आर्थिक ऐनका अनुसूचीहरु बमोजिम कर,शुल्क तथा दस्तुरहरु असुल उपर गरिनेछ ।

(२३) **अन्य व्यवस्थाः** नगरपालिकाको विषयगत शाखा, वडा तथा अन्य कार्यालयबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासंग आवद्ध गरी अनिवार्य असुल गरी सेवा प्रवाह गरिनेछ ।

तर यसबाट नागरिकको सिफारिस तथा व्यक्तिगत घट्ना दर्ता गर्दा प्रतिवद्धता पत्र लिई सेवा प्रवाह गर्न बाधा पुगेको मानिनेछैन ।

(२४) **यसै ऐन बमोजिम भएको मानिनेः** यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(२५) **नियम, कार्यविधि, मापदण्ड र निर्देशिका बनाउन सक्नेः** नगरपालिकाको नगर कार्यपालिकाले यस ऐनमा भएको व्यवस्थालाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि वा मापदण्ड र निर्देशिका बनाउँन सक्नेछ ।

अनुसूची-१

(ऐनको दफा ३ सँग सम्बन्धित)

सम्पति करको दर

| क्र.सं. | सम्पतिको मूल्याङ्कन रु | कर रकम वा करको दर | कैफियत |
|---|---|---|---|
| १ | पाँच लाख रूपैया सम्मको मूल्याङ्कनमा | रु १०० | |
| २ | त्यस पछिको दश लाख रूपैया सम्म | रु १५० | |
| ३ | त्यस पछिको तीस लाख रूपैया सम्म | ०.१% | |
| ४ | त्यस पछिको पचास लाख रूपैया सम्म | ०.२% | |
| ५ | त्यस पछिको पचहत्तर लाखरूपैया सम्म | ०.३% | |
| ६ | ७५ लाख देखि १ करोड ७० लाख रूपैया सम्म | ०.४% | |
| ७ | १ करोड ७० लाख रूपैया देखि ५ करोड सम्म | ०.५% | |
| ८ | ५ करोड देखि माथि | ०.७५% | |

**सम्पत्ति करका लागि घरको मूल्याङ्कन दर**

आ.व. २०८२/८३ को लागि सम्पत्ति कर निर्धारणका लागि घरको बनोट र मूल्याङ्कन दर निम्न बमोजिम कायम गरिएको छ ।

| क्र.स | घरको बनोट | मूल्याङ्कन दर प्रति वर्ग फुट रु | प्रति वर्ष ह्रास कट्टी दर | ह्रास कट्टी गर्ने वर्ष |
|---|---|---|---|---|
| १ | ईटमा माटोको जोडाई भएको वा काठैकाठ वा जस्ताको बेरा बाट बनेको र जस्ता झींगटी, टायल, एलबेष्टरको छाना भएको घर | ५०० | ३ प्रतिशत | २५ बर्ष |
| २ | भित्र वाहिर पाको इट्ट वा ढुंगामा माटोको | ६०० | २ प्रतिशत | ३० बर्ष |

| | | | | |
|---|---|---|---|---|
| | जोडाई भई भित्र वाहिर सिमेन्ट प्लस्टर गरी छाना ढलान, आर.सि.सि. वा आर.वि.सि गरिएको घर | | | |
| ३ | भित्र वाहिर ईट वा ढुंगामा सिमेन्ट प्लष्टर गरी छाना ढलान, आर. सि.सि वा आर.वि.सि. गरिएको घर | १००० | १ प्रतिशत | ७० बर्ष |
| ४ | आर.सि.सि. फ्रेम स्ट्रक्चरमा लिफ्ट/स्केलेटर जडान भएको वा नभएको घर | १५०० | ०.७५ प्रतिशत | १०० बर्ष |
| ५ | स्टील प्रेम स्ट्रक्चर, फाइवर वि जस्ता संरचना | १५०० | ०.७५ प्रतिशत | १०० बर्ष |

**सम्पत्ति करका लागि जग्गाको मूल्याङ्कन दर**

आ.व. २०८२/८३ को लागि सम्पत्ति कर निर्धारणका लागि  जग्गाको मूल्याङ्कन दर निम्न बमोजिम कायम गरिएको छ ।

१ जग्गाको मूल्याङ्कन दर घरजग्गा रजिष्ट्रेशन प्रयोजनका लागि मालपोत कार्यालय सिरहाबाट निर्धारित गरिएको न्यूनतम दररेट बमोजिम निर्धारण गरिनेछ ।

२ सम्पति करको लागि घरले चर्चेको जग्गा भन्नाले भवन र भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा वा पाँच हजार चार सय छयहतर वर्ग फिट जग्गा मध्ये जुन घटी हुन्छ त्यसलाई सम्झनु पर्दछ  ।

३ मोहियानी जग्गाको क्षेत्रफलको हकमा गुठी सस्थान शाखा कार्यालयको सिफारिस बमोजिमको जग्गालाई कायम गरिनेछ ।

४ नक्सा पास नभएका घरको हकमा सम्बन्धित वडा कार्यालयबाट घरको क्षेत्रफल प्रमाणित/सिफारिस भई आय बमोजिम सम्पति कर असुल उपर गरिनेछ ।
द्रष्टब्यः  सम्पत्ति करको कार्यान्वयनका लागि नगर उपप्रमुखको संयोजकमा समिति गठन गरीविस्तृत अध्ययनको नतिजाको आधारमा कार्यान्वयन गरिनेछ ।

## अनुसूची-२

(ऐनको दफा ४ संग सम्बन्धित)

आ.व.२०८२/८३ मा नगरपालिका क्षेत्र भित्रको जग्गाको भूमिकर(मालपोत) को दररेट निम्नानुसार लगाइनेछ ।

<table>
<tr><th>क्र.सं</th><th>जग्गाको प्रकार</th><th>प्रति कठ्ठा रु</th><th>जरिवाना</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>अब्बल</td><td>१५</td><td rowspan="4">१ आर्थिक वर्ष वा सोभन्दा बढी अवधि कर नबुझाएमा, कुल बक्यौता रकमको एकमुष्ट २० प्रतिशत जरिवाना लिई मालपोत कर असुल उपर गरिनेछ ।</td><td></td></tr>
<tr><td>२</td><td>दोयम</td><td>१५</td><td></td></tr>
<tr><td>३</td><td>सिम</td><td>१५</td><td></td></tr>
<tr><td>४</td><td>चाहार</td><td>१५</td><td></td></tr>
</table>

## अनुसूची-३

(ऐनको दफा ५ को उपदफा (२) संग सम्बन्धित)

घर जग्गाबहाल करको दर

१. नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर आवासीय वा व्यवसायिक प्रयोजनको लागि भवन, घर, पसल, ग्यारेज, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा १० (दश) प्रतिशतका दरले बहाल कर धनीबाट असुल गरिनेछ ।

२. न.पा. ले न.पा. क्षेत्रभित्र निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटो को दायाँ बाँया (छेउमा) लगायत तोकिएको ठाउमा अस्थायी पसल थाप्न दिए वापत मासिक वाहल बिटौरी कर रकम प्रतिवर्ग फुट रु ५०।– का दरले लिइनेछ तर सो कर तिरे वापत जग्गाको स्वामित्व हस्तान्तरण हुने छैन ।

३.अव्यवस्थित किसिमले न.पा.बाट स्वीकृत नलिइ राखेको कठघरा तथा छाप्राहरु हटाइ व्यवस्थित गरिनेछ ।

## अनुसूची-४

ऐनको दफा(६) को उपदफा(३) संग सम्बन्धित)

(क) व्यवसाय इजाजत दस्तुर तथा व्यवसाय करको दर

| क्र.सं | वर्ग | उपवर्ग | व्यवसायको नाम | इजाजत दस्तुर | नबिकरण दस्तुर |
|---|---|---|---|---|---|
| | १ | किराना पसल, डिपार्टमेन्ट र अन्य | | | |
| १ | | १ | दैनिक उपभोग्य बस्तु | ५०० | ५०० |
| २ | | २ | किराना पसल (जेनरल स्टोर) | १००० | १००० |
| ३ | | ३ | डिपार्टमेण्ट स्टोर सपिङ्ग सेन्टर | १५०० | १५०० |
| ४ | | ४ | कफि हाउस | ५०० | ५०० |
| ५ | | ५ | सटिङ्ग सुटिङ्ग युनिफर्म हाउस | १००० | १००० |
| ६ | | ६ | पानपसल | ५०० | ५०० |
| ७ | | ७ | श्रृँगार तथा मनिहारी पसल कस्मेटीक | १००० | १००० |
| ८ | | ८ | उपहार तथा गिफ्ट सामानका पसल | १००० | १००० |
| ९ | | ९ | मैन वत्ती उत्पादन विक्री | १००० | १००० |
| १० | | १० | टेलरीङ्ग | १००० | १००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | | ११ | बुटीक व्यवसाय | १००० | १००० |
| | २ | होटल तथा पर्यटन | | | |
| १२ | | १ | रिसोर्ट | २५०० | २५०० |
| १३ | | २ | रेष्टुरेण्ट एण्ड बार होटलहरु समेत | १००० | १००० |
| १४ | | ३ | कोलड्रींक्स | १००० | १००० |
| | ३ | कपडा तथा रेडिमेड कपडा व्यवसाय | | | |
| १५ | | १ | कपडा विक्रेता | १००० | १००० |
| १६ | | २ | रेडीमेड कपडा विक्रेता | १००० | १००० |
| | ४ | निर्माण सामाग्री तथा रंगरोगन व्यवसाय | | | |
| १७ | | १ | हार्डवेयर पसल | १५०० | १५०० |
| १८ | | २ | रंगरोगन बिक्रेता | १००० | १००० |
| १९ | | ३ | सिसा सामान विक्री पसल ग्लास हाउस | ५०० | ५०० |
| २० | | ४ | सिमेन्ट डिलर | १००० | १००० |
| २१ | | ५ | छड सिमेन्ट डिलर | १५०० | १५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | | ६ | स्टिल,आलमुनियम व्यवसाय | १००० | १००० |
| २३ | | ७ | प्लाइ, ढोका व्यवसाय | १००० | १००० |
| २४ | | ८ | टायल मार्वल सेनिटरी व्यवसाय | १००० | १००० |
| २५ | | ९ | प्लाइ, सनमाइका बिक्रेता | १००० | १००० |
| | ५ | विधुतिय सामानहरुको व्यवसाय | | | |
| २६ | | १ | इलेक्ट्रोनिक सामानहरुको व्यवसाय | १५०० | १००० |
| २७ | | २ | इलेक्ट्रीक सामानहरु व्यवसाय | ७०० | ७०० |
| २८ | | ३ | मोवाइल विक्री व्यवसाय | १५०० | १००० |
| | ६ | कृषि जन्य उत्पादन बिक्री वितरण | | | |
| २९ | | १ | दुग्ध डेरी व्यापार | १०००। | १०००। |
| ३० | | २ | कुखुरा, माछा, गाई , भैसी सुगुर पसु पन्छी सबै पालनफर्म | १०००। | ५००। |
| ३१ | | ३ | कषि सामग्री विउविजन तथा मल बिक्रेता | १०००। | ५००। |
| ३२ | | ४ | पशु पंछी आहार उत्पादन व्यवसाय | १०००।– | १०००।– |
| ३३ | | ५ | बधसाला | १०००।– | १०००।– |

| | | | | | |
|---|---|---|---|---|---|
| ३४ | | ६ | सबै प्रकारका माछा मासु विक्री पसल | ५००। | ५००। |
| ३५ | | ७ | अण्डा विक्री पसल | ५००। | ५००। |
| ३६ | | ८ | निजी नर्सरी | ५००। | ५००। |
| | ७ | सुन चाँदी तथा बहुमुल्य धातु व्यवसाय | | | |
| ३७ | | १ | सुन,चाँदी एवं सो को गहना बनाउने ज्वेलरी पसल | १५००। | १५००। |
| ३८ | ८ | सवारी साधन खरिदबिक्री विक्री व्यवसाय | | | |
| | | १ | साइकल विक्री पसल | ५००। | ५००। |
| ३९ | | २ | मोटरसाइकल स्कुटर विक्री सोरुम | २५००। | २५००। |
| ४० | | ३ | टेम्पो ,सफाटेम्पो विक्री केन्द्र | २५००। | २०००। |
| ४१ | | ४ | विद्युतिय सवारी सिटी सफारी, मोटरसाइकल, | १०००। | १०००। |
| | ९ | स्वास्थ्य सेवा व्यवसाय | | | |
| ४२ | | १ | नर्सिङ होम | ५०००। | ४५००। |
| ४३ | | २ | सबै प्रकारका अस्पताल प्रा.लि. | ५०००। | ४५००। |
| ४४ | | ३ | मेडिकल तथा पोलिक्लनिक | ४५००। | ४२००। |

| | | | | | |
|---|---|---|---|---|---|
| ४५ | | ४ | स्वास्थ्यकर्मी व्यवसाय विशेषज्ञ डक्टरहरु समेत | १०००। | १०००। |
| ४५ | | ५ | आँखा क्लिनिक चश्मा विक्री सहित | २०००। | २०००। |
| | १० | औषधी पसलहरु | | | |
| ४६ | | १ | एलोपेथिक औषधि पसल | १५००। | १५००। |
| ४७ | | २ | होमियोपेथिक औषधि पसल | १०००। | १०००। |
| ४८ | | ३ | आयुर्वेदिक औषधि पसल | १०००। | १०००। |
| ४९ | | ४ | होमियोपेथिक, आयुर्वेदिक औषधि पसल | १५०० | १५०० |
| ५० | | ५ | भेटेनरी पशु औषधि पसल | १००० | १००० |
| ५१ | | ६ | इक्वीपमेन्ट वाट जांच गर्ने एक्सरे किल्निक ,ल्याव सबै | १०००। | १००० |
| | ११ | सुर्तिजन्य व्यवसाय | | | |
| ५२ | | १ | सुर्तिजन्य सामान विक्रेता | ७००। | ७००। |
| ५३ | | २ | सुर्ति थोक विक्रेता | ७००। | ७००। |
| | १२ | हल्कापेयपदार्थ विक्री व्यवसाय | | | |
| ५४ | | १ | पिउने पानी ,कोक, पेप्सी डिलर विक्रेता | १०००। | १०००। |

| | | | | | |
|---|---|---|---|---|---|
| | १३ | अन्य उधोग व्यवसाय | | | |
| ५५ | | १ | सिमेन्ट उधोग | २५००००। | ५०००००। |
| ५६ | | | चाउ चाउ (नुडल्स) का लघु उद्योग | ५००। | ५००। |
| ५७ | | २ | बरफ उद्योग | १०००। | १०००। |
| ५८ | | ३ | पोलीथीन पाइप उद्योग | १०००। | १०००। |
| ५९ | | ४ | काष्ठ उद्योग (स–मिल,भेनियर) | १०००। | १०००। |
| ६० | | ५ | स्टेसनरी वा कपी उद्योग | १०००। | १०००। |
| ६१ | | ६ | सबै प्रकार छापाखाना (प्रिन्टिंग) | १०००। | १०००। |
| ६२ | | ७ | हल्कापेय (जुस) पदार्थ उत्पादन उद्योग | १०००। | १०००। |
| ६३ | | ८ | पाउरोटी, केक, पेस्टी, डुनोट उद्योग | ५००। | ५००। |
| ६४ | | ९ | ईञ्जिनियरिङ्ग वर्कसप ट्रली,थ्रेसर लगायत अन्य सामान बनाउने तथा मर्मत गर्ने | १०००।– | १०००।– |
| ६५ | | १० | ग्रील उद्योग तथा फलाम जन्य सबै उत्पादन ढोका,झयाल इत्यादी | १०००। | १०००। |
| ६६ | | ११ | कुटानी, पिसानी, पेलानी मसला, चामल तेल उद्योग | १०००। | १०००। |

| | | | | | |
|---|---|---|---|---|---|
| ६७ | | १२ | सेलर मिल टिमर सहीत | १०००। | १०००। |
| ६८ | | १३ | भुजीया ,चिप्स जन्य उद्योग | ५००। | ५००। |
| ६९ | | १४ | दुग्ध डेरी उद्योग | २०००। | २०००। |
| ७० | | १५ | ह्याचरी उद्योग | ५००। | ५००। |
| ७१ | | १६ | आहारा उद्योग सबै प्रकारका | ५००। | ५००। |
| ७२ | | १७ | रिड. डुड, गमला, साना पिलर, ब्लक, टायल, इत्यादी | ५००। | ५००। |
| ७३ | | १८ | हयूम पाइप बनाउने उधोग (बिधुत पोल समेत) | १००००। | ५०००। |
| ७४ | | १९ | ब्याग उद्योग | १०००। | १०००। |
| ७५ | | २० | तान राखी कपडा  बुन्ने | ५००। | ५००। |
| ७६ | | २१ | लोहोरो सिलौटो बनाउने | १००। | १००। |
| ७७ | | २२ | कागज उद्योग हाते | ५००। | ५००। |
| ७८ | | २३ | क्रसर उद्योग (बालुवा गिटी प्रशोधन समेत) | १०००००। | १०००००। |
| ७९ | | २४ | बालुवा प्रशोधन गर्ने | ५००००। | ५००००। |
| ८० | | २५ | चिउरा भुजामिल | १०००। | १०००। |

| | | | | | |
|---|---|---|---|---|---|
| ८१ | | २६ | मिनरल वाटर उद्योग | २०००। | २०००। |
| ८२ | | २७ | आइस क्रिम उद्योग | २०००। | २०००। |
| | १४ | शिक्षा तथा तालिम व्यवसाय | | | |
| ८३ | | १ | पुर्व प्राथमिक मन्टेस्वरी तह निजी स्तरका | १०००। | २०००। |
| ८४ | | २ | आधार भुततहनिजी स्तरका | १५००। | ५०००। |
| ८५ | | ३ | मा.वि. निजी स्तरका | २०००। | १००००। |
| ८६ | | ४ | उच्च मा.वि. कलेजक्याम्पस (प्राविधिक) निजी स्तरका | १५०००। | १५०००। |
| ८७ | | ५ | नर्सिंङ कलेज | १००००। | १००००। |
| ८८ | | ६ | प्रविधिक शिक्षालय तालिम केन्द्र | ३०००। | २०००। |
| ८९ | | ७ | विभिन्न प्रशिक्षण केन्द्र | ३०००। | ३०००। |
| ९० | | ८ | भाषा पशिक्षण केन्दहरु | ३०००। | ३०००। |
| ९१ | | ९ | सफ्टवयेर वेवपेज निर्माण व्यवसाय | ३००० । | ३०००। |
| ९२ | | १० | कम्प्यूटर ट्रेनिङ सेन्टर | ५००। | ५००। |
| ९३ | | ११ | ड्राइभिङ्ग सेन्टर | ५००। | ५००। |

| | | | | | |
|---|---|---|---|---|---|
| ९४ | | १२ | पोलिटेक्निक प्रा.लि सि.टि.भि.टि. प्रशिक्षण केन्द्र | १०००। | १०००। |
| ९५ | | १३ | सिलाई कटाई प्रशिक्षण | ५००। | ५००। |
| | १५ | उर्जा मुलक व्यवसाय | | | |
| ९६ | | १ | सोलार पावर व्यवसाय | ५००। | ५००। |
| ९७ | | २ | व्याट्री विक्री व्यवसाय | १०००। | १०००। |
| | १६ | विशेषज्ञ परामर्श तथा अन्य सेवा व्यवसाय | | | |
| ९८ | | १ | घर नक्सानिर्माण परामर्श कन्सल्टेन्सी | ५०००। | ५०००। |
| ९९ | | २ | अन्य परापर्श सेवाहरु, | २०००। | २०००। |
| १०० | | ३ | शैक्षीक परामर्श केन्द्र कन्सलटेन्सी | १०००। | १०००। |
| १०१ | | ४ | रोजगार प्रदान गर्ने व्यवसाय | १०००। | १०००। |
| १०२ | | ५ | बैदेशिक रोजागार | ३०००। | ३०००। |
| १०३ | | ६ | स्वदेसी रोजगार व्यवसाय सेक्यूरीटी गार्ड जस्ता | २०००। | २०००। |
| | १७ | मर्मत संभार व्यवसाय | | | |
| १०४ | | १ | सबै प्रकारका स्पेयर पार्टस (मिल मेसीनरी) व्यवसाय | १५००। | १५००। |

| | | | | | |
|---|---|---|---|---|---|
| १०५ | | २ | रिक्सा साइकल पार्टस  व्यवसाय | ५००। | ५००। |
| १०६ | | ३ | बस, ट्रक,ट्याक्टर ,मोटर साइकल तथा अन्य साना सवारी मर्मत (ग्यारेज) | १५००। | १५००। |
| १०७ | | ४ | टायर रिसोलिंग, | १०००। | १०००। |
| १०८ | | ५ | पुरानो टायर बिक्री तथा हावा भर्ने | ५००। | ५००। |
| १०९ | | ६ | साइकल, रिक्सा मर्मत पसल | ५००। | ५००। |
| ११० | | ७ | टि.भी., कम्प्यूटर, टेलिफोनसेट, पंखा, डेक, रेडियो क्याल्कुलेटर, घडी, एम्प्लिफायर, माइकआदि मर्मत पसल | ५००। | ५००। |
| १११ | | ८ | सिलाई बुनाई, मेसिन, ग्यास, चुल्हो, मैन्टोल, स्टोभ, लाइट, मर्मत पसल | ५००। | ५००। |
| ११२ | | ९ | मोवाइल मर्मत तथा विक्री व्यवसाय | ५००। | ५००। |
| ११३ | | १० | अटो (गाडी) वासिङ सेन्टर | ५००। | ५००। |
| | १८ | मनोरञ्जन व्यवसाय | | | |
| ११४ | | १ | वैण्ड पाटीवाजा, पन्चे वाजा | ५०० | ५०० |
| ११५ | | २ | पुलहाउस | १०००। | १०००। |
| ११६ | | ३ | जिम सेन्टर | १०००। | १०००। |

| | | | | | |
|---|---|---|---|---|---|
| ११७ | १९ | खेलकुद पुस्तक तथा स्टेशनरी | | | |
| ११८ | | १ | पाठ्य पुस्तक, स्टेशनरी तथा खेलकुद सामग्री विक्री पसल | १०००। | १,०००।०० |
| | २० | ईन्धन खरिद विक्री व्यवसाय | | | |
| ११९ | | १ | पेट्रल, डिजेल समेतको पम्पलाई | १०,०००। | १०,०००। |
| १२० | | २ | लुब्रिकेशन पसललाई | २०००। | २०००। |
| १२१ | | ३ | मटीतेल डिलर | १०००। | १०००। |
| १२२ | | ४ | ग्याँस विक्री गर्ने पसल डिलर | १५००। | १५००। |
| | २१ | संचार व्यवसाय | | | |
| १२३ | | १ | एफ.एम.रेडियो स्टेसन | ५०००। | ५०००। |
| १२४ | | २ | पत्र पत्रिका प्रकाशन | ५००। | ५००। |
| १२५ | | ३ | अनलाइन पत्रिका | ५००। | ५००। |
| १२६ | | ४ | केवुल नेटवर्क इन्टरनेट सेवा ,डिस होम सहित टि भी संचालन फइवरमा | ३०००। | १००००। |
| १२७ | | ५ | साइवर क्याफे संचालन | ५००। | ५००। |

| | | | | | |
|---|---|---|---|---|---|
| १२८ | | ६ | टेलीफोन फ्याक्स, फोटोकपी, कुरीयर व्यवसाय | ५००। | ५००। |
| १२९ | | ७ | संचार कम्पनीले मोबाइल टावर राखी  सेवा संचालनगर्दा प्रति टावरमा | ३०००। | ३०००। |
| १३० | | ८ | सिम रिचार्ज व्यवसाय | ५००। | ५००। |
| | २२ | कानुनी सेवा परामर्श | | | |
| १३१ | | १ | लेखा परिक्षण व्यवसाय | ५०००। | ५०००। |
| १३२ | | २ | कानून व्यवसाय | ५०००। | ५०००। |
| १३३ | | ३ | साधारण लेखा पढि व्यवसाय | ५००। | ५००। |
| | २३ | अन्य सेवा व्यवसाय | | | |
| १३४ | | १ | स्टुडीयो(फोटो) | ५००। | ५००। |
| १३५ | | २ | कलरल्याव | ५००। | ५००। |
| १३६ | | ३ | कपडा धुलाइ डा«इल्किनर | ५००। | ५००। |
| १३७ | | ४ | सेलुन व्यवसाय मसाज सेन्टर | ५००। | ५००। |
| १३८ | | ५ | व्युटिपार्लर व्यवसाय | ५००। | ५००। |

| | | | | | |
|---|---|---|---|---|---|
| १३९ | | ६ | साईन बोर्ड बनाउने रबर स्टाम्प बनाउने आर्ट पसल | ५००। | ५००। |
| १४० | | ७ | फलेक्स वोर्ड बनाउने | २०००। | २०००। |
| | २४ | काठ, स्टिल तथा फर्निचर उद्योग | | | |
| १४१ | | १ | काठ, स्टिल तथा फर्निचर उद्योग | ५००। | १०००। |
| | २५ | होटल व्यवसाय | | | |
| १४२ | | १ | पार्टिप्यालेस | ३०००। | ३०००। |
| १४३ | | २ | होटल लज सहितको | १५००। | १५००। |
| १४४ | | ३ | होटल (खाना मात्र खुवाउने ) चमेना गृह | १०००। | १०००। |
| १४५ | | ४ | होटल खाना नास्ता खुवाउने | ५००। | ५००। |
| १४६ | | ५ | विभिन्न किसिमको मिठाई चाट तथा चिया, नास्ता पसल | ५००। | ५००। |
| १४७ | | ६ | विभिन्न किसिमको खाजा, नास्ता, चिया पसल ठेलामा बेच्ने समेत | ५००। | ५००। |
| १४८ | | ७ | चिया पसल मात्र | ५००। | ५००। |
| | २६. | निर्माण व्यवसाय | | | |
| १४९ | | घ बर्गको निर्माण सेवाको इजाजत | | १०,०००। | ५,०००। |

| | | | | |
|---|---|---|---|---|
| | २७ | वितीय सेवा व्यवसाय | | |
| १५० | | नेपाल सरकारको स्वामित्व नरहेको क वर्गका वाणिज्य बैंकहरु | १५०००। | १५०००। |
| १५१ | | नेपाल सरकारको स्वामित्व नरहेको ख वर्गका वाणिज्य बैंकहरु<br><br>नेपाल सरकारको स्वामित्व नरहेको ग र घ वर्गका वाणिज्य बैंकहरु | १००००।<br><br>१००००। | १००००।<br><br>१००००। |
| १५२ | | मनी ट्रान्सफर (ट्रान्सफर कारोबार गर्ने) | २०००। | २०००। |
| १५३ | | बचत तथा ऋण र बहुउद्देश्य सहकारी संस्था | २०००। | २०००। |
| १५४ | | कृषि सहकारी तथा साना सहकारी संस्था | १०००। | १०००। |
| १५५ | | वीमा कम्पनी | १०००। | १०००। |
| १५६ | | कमिसन एजेण्ट | १०००। | १०००। |
| | २८ | ईटा भट्टा उधोग | | |
| १५७ | | ईटा उद्योग | १००००। | १००००। |
| १५८ | | माथीको बर्गिकरणमा समावेश नभएका सेवा व्यवसायको कारोबारका आधारमा बर्गिकरण गरी व्यवसायदर्ता गरी कर लिने | ३००० | ३००० |
| १५९ | २९ | सिमेन्ट उत्पादन गर्ने उद्योगलाई उत्पादनको आधारमा स्थानीय वातावरण प्रदुषण शुल्क | प्रति बोरा रु ०.५० | |

दैनिक गुद्री हाटबजार ठेक्का दर

(ख) साप्ताहिक वा दैनिक व्यवसाय गर्ने हाट बजार (गुद्री) सेवा शुल्कः

| क्र.सं. | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | खटियामा सामान राखी बिक्री गर्ने पसलमा | २५। | |
| २ | रेडिमेड सामान खटियामा राखी बिक्री गर्ने पसलमा | ३०। | |
| ३ | थान कपडा बिक्री गर्ने पसलमा | ३५। | |
| ४ | फलामका औजार तथा सामान बिक्री पसलमा | २०। | |
| ५ | जुत्ता चप्पल बिक्री पसल ठुलोमा | ३५। | |
| ६ | फलफुल नास्ता ठेलामा राखी बिक्री गर्ने पसलमा | ३०। | |
| ७ | कुखुरा, हाँस बिक्री गर्ने पसलमा प्रति पसल | ७०। | |
| ८ | चटपटी तथा बरफ, आइस्क्रिम बिक्री गर्नेसंग | ३०। | |
| ९ | चिया पसलमा | १०। | |
| १० | साग, सब्जी डोकामा वा डालामा ल्याइ बेच्ने संग | ३०। | |
| ११ | सिजन अनुसारको साग सब्जी आलु पसल ठुलोमा | ४०। | |
| १२ | फोटो फ्रेमिंग तथा बिक्री पसलमा | २०। | |
| १३ | ढाकीमा ल्याई बेच्ने दाल, चामल, पिठो, च्युरा आदिमा | १०। | |
| १४ | बिस्कुट, चकलेट, पाउरोटी, साबुनबिक्री गर्ने पसलमा | २५। | |
| १५ | कपाल काट्ने सैलुनमा बाहीर राखी | १५। | |

| | | | |
|---|---|---|---|
| १६ | माछा, मासु, तरकारी पकाई बिक्री गर्ने पसलमा | ४०। | |
| १७ | चुरी, धागा, टीका आदि श्रृंगार तथा मनिहारी पसल ठुलोमा | ३०। | |
| १८ | माटोको भाडा बेच्ने पसल ठुलोमा | ४०। | |
| १९ | मुरली, बांसुरी, गुलेली, थैली, जुम्र्ा, उडुस आदीमार्ने औषधीबिक्री गर्नेसंग | १०। | |
| २० | चामल, दाल बिक्री गर्ने पसल प्रति बोरा | ३०। | |
| २१ | बीउ विजन बिक्री गर्ने पसलमा | ३५। | |
| २२ | अदुवा, लसुन, खुर्सानी, कुचो, नांलों बेच्ने संग | ३५। | |
| २३ | मकै पोली बेच्नेसंग | १०। | |
| २४ | जडिबुटि विक्री गर्ने संग | २०। | |
| २५ | किराना पसलमा | २०। | |
| २६ | ठुलो सुंगुर काटि वेच्ने प्रतिगोटा १०० के,जी भन्दा माथी | ७०। | |
| २७ | सानो सुंगुर काटि वेच्ने प्रतिगोटा १०० के,जी भन्दा कम | ६०। | |
| २८ | कुखुरा मासु पसल | ५०। | |
| २९ | खसि काटी मासु बेच्ने प्रति गोटा | ५०। | |
| ३० | अन्य छुटपुट पसलमा | १५-२५। | |

द्रष्टब्यः बार्षिक ब्यवसाय प्रमाण पत्र लिएको वा नलिएका तर नगरपालिका क्षेत्रमा समय समयमा सिजन अनुसारको साग सब्जि, आलु, फलफूल आदि ल्याई थोक तथा खुद्रा विक्रि गर्ने गोदाम वा डिलरले साग सब्जि, फलफूल ल्याई विक्रि गर्दा प्रति ट्रक २०।– फलफूल सागसब्जी आदि ल्याएका दिन लिइने छ ।

## अनुसूची-५

(ऐनको दफा ७ को उपदफा (१) संग सम्बन्धित)

जडिबुटी, कवाडी, जीवजन्तु करको दर

| क्र. सं | करको किसिम | करको दर रकम रु | कैफियत |
|---|---|---|---|
| क) | ऊन, खोटो, जडिबुटी, वनकस | | |
| १. | ऊन (प्राकृतिक, कृत्रिम, जगर) प्रति के.जी. | ५ | |
| २. | खोटो प्रति के.जी. | ५ | |
| ३. | जटिबुटीहरु प्रति के.जी. | १०। | |
| ४. | बनकस (खर), बाबियो, मलहनपत्ता, छ्वाली, पराल, वगास, निगालो, लोकता, पटेर, अम्लिसो (कुच्चो) | प्रति के.जी. रु २५। | |
| (ख) | कवाडी मालसमान | | |
| १२ | खाली सिसा(वियर, मदिरा र अन्य) | प्रति गोटा रु ०.५ | |
| | प्लाष्टिक (बोतल,भाडाकुँडा, पुराना जुत्ताचपल ग्यालन र जर्किन आदि) | प्रति के.जि. रु २ | |
| (ग) | प्रचलित कानूनले निषेध गरेका बाहेक मृत वा मारिएका जिवजन्तु,पशुपंक्षी | | |
| १ | हाँड,सिंग,खूर | प्रति के.जि.१० | |
| २ | छाला | प्रति गोटा २० | |

## अनुसूची-६

ऐनको दफा ८ को उपदफा २ संग सम्बन्धित छ

सवारी साधन कर

| क्र.सं. | सवारीको किसिम | दर्ता शुल्क रु | प्रति आर्थिक वर्षको कर रु | कैफियत |
|---|---|---|---|---|
| १ | अटोरिक्सा | ५००। | २५०। | |
| २ | विधुतीय रिक्सा | ५००। | २५०। | |
| ३ | टाँगा | ५००। | २५०। | |

## अनुसूची-७

(ऐनको दफा ९ संग सम्बन्धित)

१. नगरपालिकाद्वारा निर्मित स्थानमा विज्ञापन गर्दा नगरपालिकाले निर्धारण गरेको दररेट हुनेछ ।

| क्र.स | विज्ञापन सामाग्रीको किसिम | करको दररेट (रकम रु) |
|---|---|---|
| १ | लाभको उदेश्य राखी व्यपार व्यवसाय उद्योग तथा संघ सस्थाले गराउने विज्ञापन वोर्ड वा क्षेत्रलाई | प्रति वर्ग फिट रु ७० |
| २ | डिजिटल वोर्ड, डिस्प्ले,ग्लो साइन र यस्तै प्रकृतिका अन्य | प्रति वर्ग फिट रु ९० |
| ३ | सेवामूलक विज्ञापन वोर्ड वा क्षेत्रलाई | प्रति वर्ग फिट रु ४० |
| ४ | तुल तथा व्यवसायिक वब्यानर | प्रति वर्ग फिट रु १० |
| ५ | टेलिफोन र विजुलीको पोलमा गरिने विज्ञापन | प्रति पोल रु ३५ |
| ६ | खेलकुद, जात्रा पर्व, कमर्सियल विज्ञापनको कार्यक्रममा हुने विज्ञापन सबैमा | रु ५०० |
| ७ | व्यवसायिक पसलको नाम संग विज्ञापन भएको वोर्ड | रु ५० |

तर प्रचलित कानूनले बन्देज गरेका मदिरा, धुम्रपमान, खैनी जस्ता पदार्थको विज्ञापन राख्न दिइनेछ ।

## अनुसूची-८

(ऐनको दफा १० को उपदफा १ संग सम्बन्धित)

| क्र.सं. | मनोरञ्जन व्यवसायको किसिम | दररेट रकम रु | कैफियत |
|---|---|---|---|
| १ | सिनेमा हल, सास्कृतिक प्रदर्शनहल, थियटर, सङ्गित, कनोरञ्जन प्रदर्शनस्थल, मनोरञ्जन पार्क, रमाइलो मेला, नाटक, भिडिइव हल, प्रतियोगिता मनोरञ्जनमा | प्रवेश शुल्कको १० % | |
| २ | जादू, सर्कस, चटक, रमाइलो मेला,सास्कृतिक प्रदर्शनी | प्रतिदिन रु १००० | |

## अनुसूची-१

(ऐनको दफा ११ को उपदफा १ संग सम्बन्धित)

बहाल बिटौरी शुल्कको दर

**(१) विभिन्न हाटवजार तथा मेला**

| क्र.सं | आय ठेक्काको नाम | स्थान | न्यूनतम बोल कबोल रकम रु (VAT रकम सहित) | समय अवधि |
|---|---|---|---|---|
| १ | बन्दिपुर हाटबजार | कर्जन्हा न.पा.-२, सिरहा | ६ लाख | १ बर्ष |
| २ | बस्तिपुर बजार | कर्जन्हा न.पा.-४, सिरहा | २ लाख | १ बर्ष |
| ३ | मरेवा बजार | कर्जन्हा न.पा-७, सिरहा | १ लाख | १ बर्ष |
| ४ | कर्जन्हा हाटबजार | कर्जन्हा न.पा.-११, सिरहा | ५ लाख | १ बर्ष |
| ५ | कमला उत्तरवाहिनी बोलबम र कार्तिके पूर्णीमा मेला | कर्जन्हा न.पा.-१, सिरहा | १ लाख ५० हजार | १ बर्ष |

**(२) सार्वजनिक पोखरी ठेक्का रकम निर्धारण**

यस कर्जन्हा नगरपालिकाको क्षेत्रभित्र पर्ने सार्वजनिक पोखरीको ठेक्काको आगामी आ.व. २०८२/०८३ को न्यूनतम बोल कवोल रकम (VAT रकम सहित)देहाय बमोजिम निर्धारण गरिएको छः

| क्र.सं. | हालको वडा नं. | पोखरी | स्थान | न्यूनतम दर रेट रु | ठेक्काको समयाब्धी |
|---|---|---|---|---|---|
| १ | ७ | शिव मन्दिर छेउको पोखरी | कर्जन्हा न.पा.-७, मरेवा | १ लाख ५० हजा | ३६ महिना |
| २ | ६ | स्कूल नजिकको ठूलो पोखरी | कर्जन्हा न.पा.-६, बेतहा | १ लाख ५० हजार | ३६ महिना |
| ३ | २ | बन्दिपुर स्कुल अगाडिको पोखरी | कर्जन्हा न.पा.-२, बन्दिपुर | २ लाख ५० हजार | ३६ महिना |
| ४ | २ | बाबातालको पोखरी र पर्यटकीय क्षेत्र | कर्जन्हा न.पा.-२, बन्दिपुर | ८ लाख ५० हजार | ३६ महिना |
| ५ | ३ | विश्वकर्मा मन्दिर नजिकको पोखरी | कर्जन्हा न.पा.-३, बन्दिपुर | ७५ हजार | ३६ महिना |
| ६ | ८ | गौताडीको ठूलो पोखरी | कर्जन्हा न.पा.-८, गौताडी | ९ लाख ५० हजार | ३६ महिना |
| ७ | ८ | राम जानकी कुटि पोखरी | कर्जन्हा न.पा.-८, गौताडी | ७० हजार | ३६ महिना |
| ८ | ८ | ब्यारवाला पोखरी | कर्जन्हा न.पा.-८, गौताडी | ३ लाख ५० हजार | ३६ महिना |
| ९ | ८ | गढिकुट्टी पोखरी | कर्जन्हा न.पा.-८, थलहा | ४ लाख | ३६ महिना |
| १० | ८ | अशोनको ठूलो पोखरी | कर्जन्हा न.पा.-८, अशोन | ५ लाख ५० हजार | ३६ महिना |
| ११ | ८ | मुसहरी पोखरी | कर्जन्हा न.पा.-८, गौताडी | ५० हजार | ३६ महिना |

**(३) जे.सि.वि , ग्रेडर तथा ट्याक्टर**

| क्र.स. | सम्पत्तिको किसिम | उपभोक्ताले लग्दाको दर | व्यक्ति, फर्म तथा संघसस्थाले लग्दाको दर | कैफियत |
|---|---|---|---|---|
| १ | जे.सि.वि. | प्रति घण्टा रु १००० | प्रति घण्टा रु १,२०० | |
| २ | ग्रेडर | प्रति घण्टा रु ५००० | प्रति घण्टा रु ६,००० | |
| ३ | ट्याक्टर<br>(खेतबारीमा जोत्न ) | प्रति घण्टा रु १५०० | - | आवश्यक इन्धन र ड्राइभर पालिकाले व्यवस्थापन गर्ने |

माथि उल्लेखित नगरपालिकाको स्वामित्वमा रहेका जे.सि.वि.,ग्रेडर भाडामा दिँदा सबै साधनको लाग्ने ल्याउने खर्च, चालकलाई दिईने दैनिक भ्रमण खर्च, माग गर्ने व्यक्ति वा संघ संस्था स्वयंले अग्रिम रुपमा नगरपालिकामा धरौटी रकम उपकरण लैजानु भन्दा अगावै जम्मा गरे पछि मात्र उपलब्ध गराईने छ । ट्याक्टरको हकमा अग्रिम रुपमा लागतको आधा रकम उपभोक्ताले बुझाए पश्चात सेवा लिन सक्नेछन, बाँकी रकम कार्य सम्पन्न भएको सोहि दिन वा भोलिपल्ट बुझाउँनु पर्नेछ ।

**अनुसूची-१०**

ऐनको दफा (१२) को उपदफा (१) संग सम्बन्धित

सेवाशूल्क, दस्तुरको दर

| क्र.स. | विवरण | दररेट रकम रु | कै. |
|---|---|---|---|
| १ | बंशजको नागरिकता प्रमाणपत्रको सिफारिस | १५०। | |
| २ | नागरिकता प्रमाणपत्रको प्रतिलिपि सिफारिस | १५०। | |
| ३ | जन्मको आधारमा नागरिकता प्रमाणपत्रको सिफारिस | ३००। | |
| ४ | वैवाहिक अंगिकृत नागरिकता प्रमाणपत्रको सिफारिस | ५००। | |
| ५ | सनाखत सिफारिस | ३००। | |
| ६ | निवेदन दस्तुर( फारम सहित) | ५०। | |
| ७ | नाता प्रमाणित | ३००। | |
| ८ | बहाल करको लेखाजोखा सिफारिस | ३००। | |
| ९ | मोही नामसारी सिफारिस | ५००। | |
| १० | मोही लगत कट्टाको सिफारिस<br>(सगोल परिवार भित्रको) | एक कठ्ठा सम्म रु ५००।<br>सो भन्दा माथि प्रति धुर रु २.५ | |
| ११ | मोही लगत कट्टाको सिफारिस<br>(सगोल परिवार बाहेक) | एक कठ्ठा सम्म रु १०००।<br>सो भन्दा माथि प्रति धुर रु ५ | |
| १२ | जन्म मिति प्रमाणित | ३००। | |
| १३ | व्यपार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यपार व्यवसाय हुँदै नभएको सिफारिस | १,०००। | |
| १४ | वडाबाट जारी हुने सिफारिस तथा अन्य | १,०००। | |

| | | | |
|---|---|---|---|
| | कागजलाई अङ्ग्रेजी भाषामा गरिने सिफारिस (आम्दानी प्रमाणित वाहेक) | | |
| १५ | अंग्रेजी भाषामा आम्दानी प्रमाणित(वैदेशिक प्रयोजन) | | |
| (क) | ५० लाखसम्म | ३,०००। | |
| (ख) | ५० लाख देखि १ करोडसम्म | ५,०००। | |
| (ग) | १ करोड भन्दामाथि | १०,०००। | |
| १६ | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित | ३००। | |
| १७ | व्यक्तिगत विवरण प्रमाणित | ३००। | |
| १८ | जग्गाधनी दर्ता प्रमाणपूर्जामा घर कायम सिफारिस | १,०००। | |
| १९ | कुनै व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस | ३००। | |
| २० | नाम, थर जन्म मिति संशोधन सिफारिस | ५००। | |
| २१ | जग्गाधनी दर्ता प्रमाणपूर्जा सम्बन्धी सिफारिस | | |
| क | प्रतिलिपि लिन सिफारिस | ५००। | |
| ख | फोटो प्रमाणित  सिफारिस | ५००। | |
| २३ | कित्ताकाट सिफारिस | ३००। | |
| २४ | संरक्षक प्रमाणित गर्ने तथा सस्थागत र व्यक्तिगत संरक्षक सिफारिस | ३००। | |
| २५ | नावलक परिचय पत्र सिफारिस | ३००। | |
| २६ | जीवित रहेको सिफारिस | ५००। | |

| | | | |
|---|---|---|---|
| २७ | हकवाला वा हकदार प्रमाणित | ३०० । | |
| २८ | उद्योग नामसारी वा ठाँउसारी सिफारिस | २,५००। | |
| २९ | संस्था दर्ता/ नवीकरण सिफारिस | ५००। | |
| ३० | उद्योग दर्ताका लागि सिफारिस | | |
| क | साना उद्योग दर्ता सिफारिस | १,०००। | |
| ख | मझौला उद्योग दर्ता सिफारिस | ४०००। | |
| ३१ | ठुला उद्योग दर्ताका लागि सिफारिस | १०,०००। | |
| ३२ | विद्यालय खोल्न सिफारिस | २,०००। | |
| ३३ | सामुदायिक विद्यालय कक्षा थप गर्न सिफारिस | १,५००। | |
| ३४ | सस्थागत/ धार्मिक विद्यालय कक्षा थप गर्न सिफारिस | २,०००। | |
| ३५ | कपाली कागज प्रमाणित | २००। | |
| ३६ | आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धी सिफारिस | ३००। | |
| ३७ | विधुत जडानको सिफारिस | ३००। | |
| ३८ | विधुत जडान थ्रि फेज सिफारिस | १५०० | |
| ३९ | जातीय पहिचान र जातीय सिफारिस | ३००। | |
| ४० | सरजमिन मुचुल्का | ५००। | |
| ४१ | नम्बरी जग्गाको रुख काट्न सिफारिस | २००<br>१ भन्दा बढी प्रति रुख रु १०० | |
| ४२ | गाउँ ब्लक जग्गा दर्ता सिफारिस | प्रति धुर १०० | |

| | | | |
|---|---|---|---|
| ४३ | बाटो प्रमाणित | ५००। | |
| ४४ | अपुताली सिफारिस(नेपाली) | ६,०००। | |
| ४५ | पशु विमा दावी सिफारिस | ५००। | |
| ४६ | सुर्तिजन्य सामाग्री ढुवानी सिफारिस | प्रति बोरा १०० | |
| ४७ | भोजनका लागि सिफारिस(भारतका लागि) | ३००। | |
| ४८ | डिलरसिप सिफारिस | १५००। | |
| ४९ | नक्कल दस्तुर | प्रति पाना ५ | |
| ५० | पारिवारिक विवरण सिफारिस | ३००। | |
| ५१ | घर/जग्गा मूल्याङ्कन सिफारिस | प्रति लाख रु ५० | |
| ५२ | जग्गा नामसारी सिफारिस | १ कठ्ठा सम्म रु २००<br>सोभन्दा माथि प्रति कठ्ठा रु १०० थप | |
| ५३ | चार किल्ला प्रमाणित | १ कठ्ठा सम्म रु २००<br>सोभन्दा माथि प्रति धुर रु १.२५ थप | |
| ५४ | रजिष्ट्रेशन प्रयोजनका लागि घरबाटो प्रमाणित | | |
| क | औद्योगिक क्षेत्रमा पर्ने जग्गा | १ कठ्ठा सम्म रु ७००<br>सोभन्दा माथि प्रति कठ्ठा रु २०० थप | |
| ख | व्यवसायिक क्षेत्रमा पर्ने जग्गा | १ कठ्ठा सम्म रु ५००<br>सोभन्दा माथि प्रति कठ्ठा रु १०० थप | |
| ग | आवसीय क्षेत्रमा पर्ने जग्गा | १ कठ्ठा सम्म रु ३५०<br>सोभन्दा माथि प्रति कठ्ठा रु १०० थप | |
| घ | कृषि क्षेत्र पर्ने जग्गा | १ कठ्ठा सम्म रु ३००<br>सोभन्दा माथि प्रति कठ्ठा रु १०० थप | |

| | | | |
|---|---|---|---|
| ङ | अन्य क्षेत्रमा पर्ने जग्गा | १ कठ्ठा सम्म रु ३००<br>सोभन्दा माथि प्रति कठ्ठा रु १०० थप | |
| ५५ | सहकारी दर्ता सिफारिस | ५००। | |
| ५६ | एफ.एम रेडियो सञ्चालन अनुमति, नविकरण तथा सिफारिस | | |
| क | १०० वाटसम्मको लागि दिइने आवेदन शुल्क | १,०००। | |
| ख | अनुमति दस्तुर | ५,०००। | |
| ग | नवीकरण दस्तुर | २०००। | |
| ५७ | फोहोर मैला व्यवस्थापन शुल्क | | |
| क | घरायशी फोहोर (मासिक रुपमा) | ५०। | |
| ख | व्यवसायिक सस्था वा फर्म (मासिक रुपमा) | १५०। | |
| ग | अस्पताल (मासिक रुपमा) | २०००। | |
| ५८ | पेन्सन पट्टाका लागि कुनै पनि व्यहोराको सिफारिस(नेपालका लागि) | ५००। | |
| ५९ | पेन्सन पट्टाका लागि कुनै पनि व्यहोराको सिफारिस(अन्य देशका लागि) | १०००। | |
| ६० | आम्दानी प्रमाणित सिफारिस | ३००। | |
| ६१ | व्यवसाय सूचिकृत दस्तुर | ५००। | |
| ६२ | प्यान दर्ता सिफारिस<br>घरेलु तथा साना उद्योग कार्यालयमा दर्ताका लागि गरिने सिफारिस | ५००।<br>५००। | |

माथि उल्लेखित शिर्षकमा नभएका जुनसुकै सिफारिस तथा  प्रमाणित कागजात (प्रचलित कानूनमा छुटै दररेट भए वाहेक)को हकमा  प्रति सिफारिस रु ३०० असुल उपुर गरिनेछ ।

**(६३) जग्गा नापी दस्तुर**

| क्र.सं. | शिर्षक | जग्गाको क्षेत्रफल | दररेट रु |
|---|---|---|---|
| १ | जग्गा नापी दस्तुर प्रति कित्ता | ५ कठ्ठा सम्म | २०००। |
| २ | जग्गा नापी दस्तुर प्रति कित्ता | ५ कठ्ठा देखि माथि जतिसुकै | २५००। |

**(६४) घर नक्सापास दस्तुरः**

१. (क) नगरपालिका व्यवस्था गरे अनुसार घर, टहरा, ग्यारेज, कम्पाउण्ड, वाल आदि निर्माण कार्यको नक्सापास गर्दा तोकिए अनुसार दस्तुर लिइने छ ।

| क्र.सं. | विवरण | दर | अभिलेखिकरण | कैफियत |
|---|---|---|---|---|
| १ | आर.सि.सि. भुई तल्ला निर्माण गर्दा प्रति बर्गफिट | ७। | ४। | |
| २ | आर.सि.सि. प्रथम तथा दोस्रो तल्ला निर्माण गर्दा प्रति बर्गफिट | ७। | ४ । | |
| ३ | आर.सि.सि. तेस्रो तल्ला र सो भन्दा माथी निर्माण गर्दा प्रति बर्गफिट | ७। | ४। | |
| ४ | पक्की ईटा गारो जस्ता पाता आदिको प्रयोग गरी बनाएको संरचनामा प्रतिवर्ग फिट | ५। | ३। | |
| ५ | पर्खाल प्रति रनिङ फिट | ५। | ३। | |
| ६ | काठको भुइवा टांडे  घरको एकमुष्ट | १०००। | १०००। | |
| ७ | भुमिगत तल्ला प्रति वर्गफिट | ३ । | २। | |
| ८ | घर निर्माण सम्पन्न प्रमाण पत्रमा | १०००। | ५००। | |

| | | | | |
|---|---|---|---|---|
| ९ | घर नक्सानामसारी दस्तुर भुई तल्लामा | २०००। | १०००। | |
| १० | घर नक्सा नामसारी दस्तुर दुईतल्ला वा सो भन्दा माथी | १०००। | २०००। | |
| ११ | घर नक्सा निवेदन दस्तुर | ५००। | ३००। | |
| १२ | घर नक्साको प्रतिलिपीमा | ५००। | ५००। | |
| १३ | घर नक्सा किताब शुल्क | ५००। | ५००। | |

द्रष्टब्यः

१. नगरपालिकाबाट अनुमति नलिई निर्माण कार्य गरेको अवस्थामा नक्सापास गर्न मनासिब देखिए निम्न बमोजिम नक्सापास दस्तुर लिई नक्सा पास गरिनेछ ।

(क) प्लिन्थलेभल सम्म निर्माण कार्य गरेको भए दस्तुरको २५ प्रतिशत थप दस्तुर लाग्ने ।

(ख) छत ढलान गरेको भए ५० प्रतिशत थप दस्तुर लगाइनेछ ।

(ग) निर्माण सम्पन्न गरी बसोवास गरिरहेको भए ७५ प्रतिशत थप दस्तुर लाग्ने ।

२. घर निर्माण कार्य सम्पन्न गर्नु पर्ने अवधि भित्र निर्माण कार्य सम्पन्न गरेको तर सम्पन्न प्रमाण पत्र नलगेको हकमा म्याद समाप्त भएको मितिले एक बर्ष भित्र निर्माण सम्पन्न प्रमाण पत्र नगलगेमा दोब्बर दस्तुर लाग्ने छ ।

३. घर नक्शा पासको लागि न.पा मा नक्शा पेश गर्दा लाग्ने दस्तुरको ५० प्रतिशत थप धरौटी लाग्ने छ । र

सो धरौटी निर्माण सम्पन्न प्रमाण पत्र लिई निर्माण सामाग्री हटाई सफा गरी सके पछि न.पा को निरीक्षणपश्चात धरौटी रकम फिर्ता दिन मनासिव देखिएमा ५ प्रतिशत रकम कट्टा गरी बाँकी रकम फिर्ता गरीने छ ।

**(६५) मुद्धा मिलापत्र दस्तुरः**

| क्र स | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | साधारण (विविध) मुद्धा दर्ता दस्तुर | १००।– | |
| २ | मुद्धा फैसला प्रतिलिपी प्रति पाना | ५०। | |

| | | | |
|---|---|---|---|
| ३ | सम्झौता, घरबहाल सम्झौता प्रमाणित | ५००। | |
| ४ | वडावाट सम्झौता मेलमिलाप गरे वापत दुवै पक्षवाट जम्मा | २००। | |

कानून बमोजिम दायर हुन आउने मुद्धामा लाग्ने दस्तुर र मिलापत्र वापत लिइने दस्तुर अदालतको कानुन बमोजिम नै हुनेछ ।

**(६६) व्याजबाट आम्दानीः** नगरपालिकाले प्राप्त गर्ने धरौटीको बैंक जम्मा गर्दा पाउने व्याज लाई आम्दानिको रुपमा लिईनेछ ।

**(६७) धरौटी जफतः** घरनक्सापास लगायत अन्य विभिन्न आम्दानीहरुको फिर्तालिने म्याद गुज्रेको, ठेक्का कवोलेर संचालन गर्न नसक्दा जफत भएको धरौटी लगायत अन्य कुनै प्रकृयावाट जफत भएको धरौटी आम्दानी बांध्न सकिने छ ।

**(६८) ठेक्का बक्यौताः** विगत बर्षहरुमा कवोल गरेर ठेक्का संचालन गरिसकेर नतिरेका ठेक्का बक्यौताहरु उठाउन वांकि रहेका ठेक्का बक्यौताहरु लगायत विभिन्न बेरुजुहरु उठाउन नगरकार्यपालिकाले निति बनाइ उठाउने छ ।

**(६९) मर्मत संभार कोषः** विभिन्न शिर्षकहरुमा मर्मत संभार गरेवापत लिने मर्मत संभार दस्तुरहरु उठाउन सकिने छ।

**(७०) लिलाम विक्रीः** कार्यालय, वडा कार्यालय तथा कार्यालयको परिसरभित्र रहेका बिभिन्न प्रकारका मर्मत गरेर चलाउन नसकिने प्रकृतिका सामानहरु लीलाम बिक्रि गरी आम्दानी गर्न सकिने छ ।

**(७१) घर नक्सापास सचेतना शुल्कः** घरनक्सा पास समबन्धी कार्य गर्दा अग्रिम जानकारी गराउने व्यवस्था भए अनुसार कार्यपालिकाले तोके अनुसार घर नक्सा सचेतना सुल्क असुल गरिने छ ।

**अनुसूची-११**

ऐनको दफा १३ को उपदफा ३ संग सम्बन्धित

(१) ढुंगा, गिटी, बालुवा, माटो भरौट आदि प्राकृतिक बस्तुहरुको बिक्रि तथा निकासी शुल्क दस्तुर

| **सि.न** | **दररेट प्रति घनमिटर** | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **भरोट बालुवा, माटो निजी जग्गा सहित** | **बालुवा** | **गिट्टि** | **ढुंगा** | **ग्राभेल** | **चिप्स** | **डस्ट** |
| १ | ५।– | १५।– | २०।– | २५ ।– | २०।– | २०। | १५ । |

(२) काठ दाउरा आदि प्राकिृतिक बस्तुहरुको बिक्री तथा निकासी शुल्क दस्तुर

| **क्र.सं.** | **गाडीको किसिम** | **दाउरा प्रति टिप** | **कैफियत** |
|---|---|---|---|
| १ | ट्याक्टर | ३००। | गोलाई २१ इन्च भन्दा कम भएको |
| २ | छ चक्का ट्रक ट्रिपर | १०००। | |
| ३ | दश चक्का ट्रक ट्रिपर | १५००। | |

काठ प्रति घन फिट

## अनुसूची-१२

यस ऐनको दफा १५ (१) संग सम्बन्धित

**१. कर छूटः**

**(क) आय ठेक्का सम्बन्धमा**

कुनै पनि व्यक्ति वा फर्मले नगरपालिकासंग आय ठेक्का सम्झौता भएको ७ दिन भित्र अग्रिम कर बुझाउँन आएमा ठेक्का रकमको ५ % रकम कर छुट सुविधा दिइनेछ ।

**(ख) सिफारिस तथा अन्य सेवामा सम्बन्धमा**

| क्र.स. | विवरण | दररेट रकम रु | कैफियत |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा प्रयोजनका लागि सिफारिस | निःशुल्क | |
| २ | आगलागी सिफारिस | निःशुल्क | |
| ३ | अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस | निःशुल्क | |
| ४ | कृषि मिटर सिफारिस | निःशुल्क | |
| ५ | बाल क्लब दर्ता | निःशुल्क | |
| ६ | योजना पुस्तिका | निःशुल्क | |
| ७ | बर्थिङ्ग सेन्टर गौताडीसम्म डलिभरीका लागि पुर्‍याउन जाँदाको ऐम्बुलेन्स प्रयोग बापत | निःशुल्क | |
| ८ | अपाङ्गता सिफारिस | निःशुल्क | |
| ९ | छात्रवृद्धि सिफारिस | निःशुल्क | |
| १० | स्वास्थ्य उपचार सिफारिस | निःशुल्क | |
| ११ | योजना माग, भुक्तानी, सम्पन्न लगायतका सिफारिस | निःशुल्क | |
| १२ | न्यायिक समितिमा महिलाहिंसा सम्बन्धी मुद्दा दर्ता | निःशुल्क | |

| | | | |
|---|---|---|---|
| १३ | ३५ दिनभित्र दर्ता हुने व्यक्तिगत घट्ना दर्ता | निःशुल्क | |
| १४ | विदेशमा मृत्यु भएका नागरिकको लाश झिकाउँन गरिने सिफारिस | निःशुल्क | |

**२. दण्ड जरिवाना**

**(क) पंजिकरण सम्बन्धमा**

पन्जिकरण नगरपालिकाले तोकेका यस सिर्षकहरुमध्येमा पंजिकरणमा ३५ दिनभित्र दर्ता गर्दा निशुल्क हुने तर सो अवधि माथिका दर्तालाई अनिवार्य रुपमा देहाय बमोजिम जरिवाना दस्तुर लिइने छ

| सि.नं. | विवरण | दर रकम रु | कैफियत |
|---|---|---|---|
| १ | ३५ दिन भन्दा पछि दर्ता हुने घट्ना दर्ता | २०० | |
| २ | घट्ना दर्ता प्रतिलिपि बापत | ५०० | |

**ख) नदिजन्य पदार्थ उत्खनन सम्बन्धमाः**

नियमित अनुगमन गर्दा प्रचलित कानुन बमोजिम निषेधित क्षेत्रमा कुनै ट्रक, ट्याकटर आदिले नदीजन्य पदार्थ उत्खनन गरेको पाइएमा तपसिल अनुसारको दरमा दण्ड जरिवाना लगाइनेछ ।

| सि.नं. | विवरण | प्रथम पटक दर रकम रु | कैफियत |
|---|---|---|---|
| १ | ट्याक्टर | १०,०००। | दोस्रो पटक भए दोब्बर र तेस्रो पटक भए तेब्बरको दरमा दण्ड जरिवाना लगाइनेछ । |
| २ | ट्रिपर | १५,०००। | |
| ३ | ट्रक | १५,०००। | |
| ४ | ट्याक्टर बकेट जडित | रु १५,०००। | |
| ५ | ब्याक लोडर(जे.सि.बि.) | २०,०००। | |
| ६ | स्काइभेटर | २५,०००। | |

**ग) सार्वजनिक तथा निजि जगगाबाट अवैध माटो उत्खन्न सम्बन्धमा**

<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>प्रथम पटक दर रकम रु</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>ट्याक्टर</td><td>२,०००।</td><td rowspan="5">दोस्रो पटक भए दोब्बर र तेस्रो पटक भए तेब्बरको दरमा दण्ड जरिवाना लगाइनेछ ।</td></tr>
<tr><td>२</td><td>ट्रिपर</td><td>५,०००।</td></tr>
<tr><td>३</td><td>ट्याक्टर बकेट जडित-</td><td>१०,०००।</td></tr>
<tr><td>४</td><td>ब्याक लोडर(जे.सि.बि.)</td><td>१५,०००।</td></tr>
<tr><td>५</td><td>स्काइभेटर-</td><td>१५,०००।</td></tr>
</table>

माथि उल्लेखित २(ख) र १(ग) बाट असुल उपर गरेको जरिवाना रकमको बढीमा २५ प्रतिशत प्रोत्साहन स्वरुप पक्राउ गर्ने सम्बन्धित सुरक्षा निकाय तथा संस्थालाई उपलब्ध गराइनेछ,

**(घ) व्यवसाय नवीरकण विलम्ब शुल्क सम्बन्धमा**

१. बक्यौता करको एकमुष्ट रकममा १५ प्रतिशत दण्ड जरिवाना लिई नवीकरण गरिनेछ ।

## अनुसूची-१३

ऐनको दफा १६ संग सम्बन्धित

| | राजस्व शीर्षक अनुसार आ.व. २०८१/८२ को जेष्ठ मसान्तसम्म संकलन तथा आगामी आ.व. २०८२/८३ को राजश्व प्रक्षेपण | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **राजस्व संकेत** | **राजस्व शीर्षक** | **आ.व.२०८१/८२ जेष्ठ मसान्तसम्म** | **आगामी आ.व.२०८२/८३** | **कैफियत** |
| १ | ११३१३ | सम्पती कर | 4500.00 | 0.00 | |
| २ | ११३१४ | भुमिकर/मालपोत | 458367.43 | 550000.00 | |
| ३ | ११३१७ | वहाल कर | 713344.51 | 750000.00 | |
| ४ | ११३१८ | वहाल विटौरी कर | 505160.00 | 700000.00 | |
| ६ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | 10000.00 | 100000.00 | |
| ७ | ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | 1500.00 | 3000.00 | |
| ८ | ११६९१ | अन्य कर | 8550.00 | 100000.00 | |
| ९ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | 284000.00 | 350000.00 | |
| १० | १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | 1000.00 | 0.00 | |
| ११ | १४२१८ | विद्‌युत सेवा शुल्क | 3600.00 | 0.00 | |
| १२ | १४२२१ | न्यायिक दस्तूर | 900.00 | 1500.00 | |
| १३ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | 50200.00 | 60000.00 | |
| १४ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | 251950 | 350000.00 | |
| १५ | १४२४२ | नक्सापास दस्तुर | 57345.44 | 700000.00 | |
| १६ | १४२४३ | सिफारिश दस्तुर | 1528001.00 | 1800000.00 | |
| १७ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | 231450.00 | 250000.00 | |
| १८ | १४२४५ | नाता प्रमाणित दस्तुर | 108750.00 | 150000.00 | |
| १९ | १४२४९ | अन्य दस्तुर | 456119.00 | 600000.00 | |
| २० | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | 74120.00 | 100000.00 | |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | 5100.00 | 0.00 | |
| २२ | १४५११ | बीमा दावी प्राप्ति | 5000.00 | 10000.00 | |
| २३ | १४५२९ | अन्य राजस्व | 125800.00 | 150000.00 | |
| २४ | १४६११ | व्यवसाय कर | 500.00 | 5500.00 | |
| २५ | १५१११ | बेरूजू | 500.00 | 300000.00 | |
| २६ | 33366 | दहत्तर वहतर शुल्क | 8918000.00 | 17400000.00 | |
| २७ | ३३३९१ | स्थानीय राजश्व वाडफाँड | 5328376.00 | 6500000.00 | |
| जम्मा | | | 19132133.38 | 3,09,30,000.00 | |

**आज्ञाले,**

**राज कुमार दास**

**प्रमुख प्रशासकीय अधिकृत**

प्रमाणिकरण मितिः २०८२-०३-२६